# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८०।०९।१७

## शोक विज्ञप्ति

वरिष्ठ पत्रकार गोकुलप्रसाद पोखरेलको ८८ वर्षको उमेरमा उपचारको क्रममा २०८० पुस १६ गते सोमबार बिहान १०:३० बजे काठमाडौंको महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । पत्रकार पोखरेल केही वर्षयतादेखि फोक्सो र मुटुसम्बन्धी रोगबाट ग्रस्त हुनुहुन्थ्यो ।

विक्रम संवत् १९९३ सालमा धनकुटाको कचिँडेमा जन्मनु भएका पोखरेल विगत चार दशकदेखि काठमाडौंमा रही पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । यस दौरान राष्ट्रिय समाचार समितिमा संवाददाताका रुपमा पत्रकारिता गर्नुभएका पत्रकार पोखरेलले राष्ट्रिय समाचार समितिमै कायमुकाय महाप्रवन्धको जिम्मेवारी वहन गर्नुका साथै गोरखापत्र दैनिक र गोरखापत्रकै साहित्यिक प्रकाशन मधुपर्क मासिकको कामु सम्पादक तथा गोरखापत्रकै सहप्रकाशन मुना मासिकको संस्थापक प्रधानसम्पादकसमेत भई कार्य गुर्नुभएको थियो ।

पत्रकारिता प्रशिक्षण संस्था नेपाल प्रेस इन्षिटच्युट (एनपीआइ) का संस्थापक महासचिवको भूमिका निर्वाह गर्नुभएका पत्रकार पोखरेलले दुई पटक सोही संस्थामा अध्यक्षको जिम्मेवारी वहन गर्नुभएको थियो ।

नेपाली र अंग्रेजी दुबै भाषामा कलम चलाउँदै आउनुभएका पोखरेल राष्ट्रिय मानवअधिकार आयोगको सदस्यसमेत हुनुभएको थियो । गोरखापत्र संस्थानको राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त गर्नुभएका पोखरेलको पत्रकारितामात्र होइन पत्रकारिता शिक्षा र तालिममासमेत उल्लेखनीय योगदान रहेको छ ।

नेपाली पत्रकारिताको संस्थागत विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका वरिष्ठ पत्रकार पोखरेलको निधनबाट नेपाली पत्रकारिता जगत्ले एक योग्य, अनुभवी र एकजना मूर्धन्य व्यक्तित्व गुमाएको छ । उहाँको निधनलाई महासंघले पत्रकारिता जगतको अपूरणीय क्षतिको रूपमा लिएको छ । उहाँले पत्रकारिता क्षेत्रमा पुऱ्याउनु भएको योगदानको नेपाली पत्रकारिता जगत्ले सदा स्मरण गरिरहनेछ । स्वर्गीय पोखरेलका श्रीमती, दुई छोरी र एक छोरा हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय पोखरेलप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा उहाँकी धर्मपत्नी र छोराछोरीसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव